मिति २०८३ असार ७ गतेको ७७ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : आर्थिक विधेयक, २०८२ स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : मध्यमकालीन खर्च संरचना (MTEF) को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : अख्तियारी दिने सम्बन्धमा ।

मिति २०८३ असार ७ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. ७७.१ : नगर कार्यपालिकाको मिति २०८३/०३/०४ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७७.२ : आ.व. २०८२/०८३ को लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आएको मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८३ का सम्बन्धमा यस बैठकमा छलफल गरियो। आवश्यक संशोधन सहित आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७७.३ : आ.व.२०८३/८४ देखि २०८५/०८६ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) को प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो ।

निर्णय नं. ७७.४ : श्री उच्च अदालत पाटन ललितपुरबाट जारी भएको मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका नाउँको १५ (पन्ध्र) दिने म्याद/सूचना (निवेदक सन्ध्या मगर भएको, उत्प्रेषण परमादेश सम्बन्धी मुद्दा, रिट नं. ०८२-wo-२०३५) का सम्बन्धमा मेलम्ची नगरपालिकाको कार्यालयको तर्फबाट लिखित जवाफ पेश गर्न, तारिख बुझ्न तथा कानुन व्यवसायी मुकरर गर्न वा वारेस नियुक्त गरी वारेस मार्फत उक्त कार्य गर्नका लागि मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री निमेष मिश्रलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल